जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २०४ | २०८२ साल फागुन २६ गते मंगलवार | Tuesday-10-March-2026 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## इन्सपेक्टरको 'बडिगार्ड' भन्दै बारामा तीन प्रहरीको दादागिरी सर्वसाधारणलाई धम्की दिएको आरोप, छानबिन गर्ने प्रहरीको प्रतिबद्धता

शु.आ. सम्बाददाता
कलैया, २५ फागुन



जिल्ला प्रहरी कार्यालय बारामा कार्यरत तीन जना प्रहरी जवानमाथि आफूहरू प्रहरी निरीक्षक (इन्सपेक्टर) का 'बडिगार्ड' भएको धाक लगाउँदै सर्वसाधारणलाई धम्की दिने, दादागिरी देखाउने तथा अवैध गतिविधिमा संलग्न हुने गरेको आरोप लागेको छ । घटनापछि स्थानीय स्तरमा प्रहरीको आचरणप्रति गम्भीर प्रश्न उठ्न थालेको छ ।

स्रोतका अनुसार अपराध नियन्त्रण तथा अनुसन्धान शाखाका प्रहरी निरीक्षक सुरेशराज भट्टका बडिगार्ड सुजित यादव, उजुरी शाखाका प्रहरी निरीक्षक दिपेन्द्र यादवका बडिगार्ड आशिष यादव तथा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रका प्रहरी निरीक्षक दिलीप थापाका बडिगार्ड मोहन यादवले आफूहरू इन्सपेक्टरका नजिकका प्रहरी भएको भन्दै सर्वसाधारणलाई धम्क्याउने, धाक देखाउने र दबाब सिर्जना गर्ने गरेको आरोप छ । पीडित पक्षका अनुसार फागुन २० गते राति ती तीनै जना प्रहरीले एक व्यक्तिलाई सामूहिक रूपमा फोन गरी अशोभनीय तथा अपमानजनक भाषा प्रयोग गर्दै धम्की दिएका थिए । आफूहरू प्रभावशाली प्रहरी अधिकारीका बडिगार्ड भएको भन्दै डर देखाएर चुप लाग्न दबाब दिएको पीडितको भनाइ छ ।

स्थानीय स्रोतका अनुसार ती प्रहरी जवानहरूले विभिन्न बहानामा मुद्दा मिलाइदिने नाममा आर्थिक लेनदेन गर्ने, तस्करीमा संलग्न व्यक्तिहरूसँग साँठगाँठ राख्ने र सर्वसाधारणमाथि दबाब दिने गतिविधि गर्दै आएको चर्चा लामो समयदेखि चल्दै आएको छ । प्रहरी संगठनभित्रकै भएकाले धेरै पीडित खुला रूपमा बोल्न नसकेको स्थानीयको भनाइ छ ।

ती प्रहरीहरूले आफ्नो पद र सम्बन्धको दुरुपयोग गर्दै "हामी इन्सपेक्टरको बडिगार्ड हौं, जे पनि गर्न सक्छौं" भन्ने शैलीमा व्यवहार गर्ने गरेको गुनासो समेत आएको छ । यस्ता गतिविधिले प्रहरीप्रति सर्वसाधारणको विश्वास कमजोर हुने खतरा बढेको स्थानीयको चिन्ता छ ।

यस विषयमा प्रतिक्रिया दिँदै जिल्ला प्रहरी कार्यालय बाराका प्रमुख तथा प्रहरी उपरीक्षक नरेन्द्र कुवरले घटनाबारे जानकारी आएको बताउँदै सत्यतथ्य छानबिन गरी दोषी देखिए कडा विभागीय कारबाही गरिने बताएका छन् । "यदि कसैले प्रहरीको नाम वा पदको दुरुपयोग गरेर सर्वसाधारणलाई धम्की दिएको पाइएमा त्यस्ता व्यक्तिमाथि कडा कारबाही हुन्छ," प्रहरी उपरीक्षक कुवरले भने । घटनाबारे थप अनुसन्धान सुरु गरिएको प्रहरीले जनाएको छ । स्थानीयवासीले भने प्रहरी संगठनभित्र अनुशासन कायम गर्न र सर्वसाधारणमाथि हुने दुर्व्यवहार रोक्न निष्पक्ष छानबिन गरी दोषीमाथि कडा कारबाही गर्न माग गरेका छन् ।

पान नं. २०१२५११९३
कार्यालय कोडः- ८०२२१५०४३००

परवानीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिपनीमाल, बारा
मधेश प्रदेश, नेपाल
योजना शाखा

**शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८२/११/२६)

यस परवानीपुर गाउँपालिका , गाउँ कार्यपालिकाको कार्यालय लिपनीमाल बाराबाट श्री शुभ आरम्भ राष्ट्रिय दैनिक पत्रिका र श्री दैनिक ज्योति जागरण पत्रिकामा प्रकाशित सूचना (प्रथम पटक प्रकाशन मिति २०८२/११/०१ र २०८२/११/०३) शिलबन्दी दरभाउपत्र आह्वानको सुचनामा उल्लेखित म्याद भित्र दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरुको मूल्यांकन हुँदा तपशिल बमोजिमका कम्पनीहरुको शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको ७ (सात) दिने सुचना सार्वजनिक खरिद ऐन , २०६३ को दफा २७ को उपदफा २ बमोजिमको प्रयोजनार्थ सम्बन्धि सम्पूर्ण निर्माण व्यवसायीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः-

| सि न | ठेक्कातको संख्या | कार्यको विवरण | निर्माण व्यवसायीको नाम | कबुल रकम VAT&PSसहित | कैफियत |
|---|---|---|---|---|---|
| १. | PRM/W/1003/2082/083 | वडा नं. १ को अधुरो वडा कार्यलय निर्माण | श्री महेश्वर कन्स्ट्रक्सनपर्सा गढी न पा-४ पर्सा | १४,१०,९४३।१५ | |
| २. | PRM/W/5001/2082/083 | सुनिल गुप्ताको फर्म देखि पश्चिम जाने नहर तथा सडक स्तरउन्नती गर्ने | श्री आकृति कन्स्ट्रक्सन सखुवा प्रसौनी-५ पर्सा | १६,५२,८५६।४२ | |
| ३. | PRM/W/5002/2082/083 | साविक वडा नं. ९ नौतन मुल बाटो ढलान | श्री सुनिता कन्स्ट्रक्सनपोखरीया न पा-९ पर्सा | १४,१८,१३२।९६ | |
| ४. | PRM/W/2003/2082/083 | रामजानकीमन्दिर निरको पोखरीमा सुर्य मन्दिर निर्माण | श्री एच पि कन्स्ट्रक्सनऔराहा-७ पर्सा | १७,५५,११६।५३ | |

प्रमुख प्रशासकीय अधिकृत

## दलित समुदायमाथि निर्मम कुटपिट र दुर्व्यवहार, प्रहरी प्रशासनको भूमिकामाथि गम्भीर प्रश्न

***शु. आ. सम्बाददाता***
***रौतहट, २५ फागुन***



जिल्लाको फतुवा विजयपुर नगरपालिका वडा नं. ५ सन्तपुरमा दलित समुदायमाथि भएको भनिएको एक बीभत्स आक्रमणको घटनाले यतिबेला सामाजिक सञ्जाल र स्थानीय स्तरमा ठूलो आक्रोश पैदा गरेको छ । फागुन १९ गते उक्त घटनामा दलित समुदायका व्यक्तिहरूलाई साङ्घातिक आक्रमण गरी गम्भीर घाइते बनाइएको र महिलाहरूको अस्मितामाथि समेत खेलबाड गरिएको पीडित पक्षको गम्भीर आरोप छ ।

पीडित परिवारले सोमवार पत्रकार सम्मेलनमा सार्वजनिक गरेको जानकारी अनुसार, स्थानीय प्रभावशाली व्यक्तिहरूको एक समूहले योजनाबद्ध रूपमा दलित बस्तीमा प्रवेश गरी कुटपिट गरेको थियो । आक्रमणबाट नरेश राम, सीता राम, ललन राम, बिरजा राम र राजकुमार राम लगायतका व्यक्तिहरू गम्भीर रूपमा घाइते भएका छन् । घाइतेहरूको शरीरका विभिन्न भागमा गहिरो चोट लागेको र उनीहरूको उपचार भइरहेको पिडीत परिवारले जनाए । कुटपिट मात्र नभई आक्रमणकारीहरूले सोही समुदायका चेलीबेटीहरूमाथि समेत अमानवीय व्यवहार र अस्मितामाथि आँच पुऱ्याउने कार्य गरेको आरोप सामाजिक सञ्जालमा सार्वजनिक भएका भिडियो र बयानहरूमा उल्लेख छ ।

पीडित पक्षले घटनामा संलग्न रहेको भन्दै स्थानीय भुनेश्वर यादव, पसिन्द्र यादव, नितेश यादव, जगु यादव ( नगेन्द्र यादव), सुखारी यादव, गिरधारी यादव, नबिन कुमार यादव र जयप्रकाश यादव लगायतका व्यक्तिहरूविरुद्ध किटानी आरोप लगाएका छन् । तर घटना भएको दुई दिन बितिसक्दा पनि दोषीहरू पक्राउ नपर्नुले स्थानीय प्रशासनको कार्यशैलीप्रति आशंका उब्जिएको छ । यस घटनामा इलाका प्रहरी कार्यालय विजयपुरको भूमिकालाई लिएर पीडित र अधिकारकर्मीहरूले कडा आलोचना गरेका छन् । पीडित पक्षको दाबी अनुसार न्याय माग्न जाँदा उल्टै

*बाँकी तेश्रो पृष्ठमा*

## प्रतिनिधिसभा निर्वाचन सफलतापूर्वक सम्पन्न गराउन सहयोग गर्ने सबैलाई बाराका प्रमुख जिल्ला अधिकारीको धन्यवाद

***शु. आ. सम्बाददाता***
***कलैया, २५ फागुन***




बारा जिल्लामा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचन स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न भएको भन्दै जिल्ला प्रशासन कार्यालय बाराले सहयोग गर्ने सम्पूर्ण पक्षलाई धन्यवाद ज्ञापन गरेको छ ।

जिल्ला प्रशासन कार्यालय बाराले जारी गरेको धन्यवाद ज्ञापन पत्रमार्फत २०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचन मर्यादित र शान्तिपूर्ण वातावरणमा सम्पन्न गराउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने सम्पूर्ण सरोकारवालाप्रति कृतज्ञता व्यक्त गरिएको हो ।

कार्यालयका अनुसार निर्वाचनलाई सौहार्दपूर्ण वातावरणमा सफलतापूर्वक सम्पन्न गराउन बारा जिल्लाका मतदाताहरू, सम्पूर्ण जिल्लावासी, राजनीतिक दल तथा जनप्रतिनिधिहरूले उल्लेखनीय सहयोग गरेका थिए ।

त्यसैगरी मुख्य निर्वाचन अधिकृतको कार्यालय, सबै निर्वाचन अधिकृतहरू, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग तथा निर्वाचन सुरक्षामा खटिएका सम्पूर्ण सुरक्षाकर्मीहरूको भूमिकालाई पनि उच्च प्रशंसा गरिएको छ ।

जिल्ला प्रशासन कार्यालयले निर्वाचनको व्यवस्थापन र सञ्चालनमा सहयोग पुऱ्याउने राष्ट्रसेवक कर्मचारी, शिक्षक, नागरिक समाज, पर्यवेक्षक, स्वयंसेवक, गैरसरकारी संघसंस्था तथा सम्पूर्ण पत्रकार तथा सञ्चारकर्मीहरूलाई पनि विशेष धन्यवाद व्यक्त गरेको छ ।

कार्यालयले जारी गरेको विज्ञप्तिमा निर्वाचनलाई सफल बनाउन सबै पक्षले समन्वय र सहकार्यको भावना देखाएको उल्लेख गर्दै यसले लोकतान्त्रिक प्रक्रियालाई अझ मजबुत बनाएको बताइएको छ ।

जिल्ला प्रशासन कार्यालय बाराका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्र ले हस्ताक्षर गरेको उक्त धन्यवाद ज्ञापन पत्रमा निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न हुनुमा सबै पक्षको सक्रिय सहभागिता र जिम्मेवारीपूर्ण भूमिका महत्त्वपूर्ण रहेको उल्लेख गरिएको छ ।

प्रमुख जिल्ला अधिकारी मिश्रले लोकतान्त्रिक अभ्यासलाई सुदृढ बनाउन आगामी दिनहरूमा पनि यस्तै सहयोग र सहकार्य कायम रहने विश्वास व्यक्त गरेका छन् ।

जिल्ला प्रशासन कार्यालय बाराले निर्वाचनलाई सफल बनाउन प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउने सम्पूर्ण व्यक्ति तथा संघसंस्थाहरूप्रति हार्दिक आभार प्रकट गर्दै धन्यवाद ज्ञापन गरेको छ ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुबे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

# प्रतिनिधिसभा निर्वाचनमा रास्वपाको 'क्लिन स्वीप'

हालै सम्पन्न प्रतिनिधिसभा निर्वाचनले मधेश प्रदेशमा राजनीतिक परिदृश्य पूर्ण रुपमा परिवर्तन गरेको छ । प्रदेशका ३२ निर्वाचन क्षेत्रमध्ये ३० सिट जित्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले अप्रत्याशित र ऐतिहासिक सफलता हासिल गरेको छ ।

यो परिणामले दशकौँदेखि मधेशमा प्रभुत्व जमाउँदै आएका परम्परागत दलहरु कमजोर भएको स्पष्ट देखाएको छ । नेपाली कांग्रेस र नेकपा एमालेजस्ता पुराना दलहरुले अधिकांश क्षेत्रहरुमा आफ्नो प्रभाव कायम राख्न असफल भएका छन् । मधेसकेन्ि्त दलहरु पनि पराजित भएका छन्, जसले अब उनीहरुको राजनीतिक उपस्थिती चुनौतीपूर्ण भएको देखाउँछ ।

रास्वपाको सफलता केवल मत परिणाममा मात्र सीमित छैन । यसले नयाँ राजनीतिक शक्ति उदाएको संकेत दिन्छ, जसले प्रदेशका नागरिकमा परिवर्तन र नवप्रवर्तनको आशा जगाएको छ । युवा नेतृत्व, प्रविधि उपयोग, उद्यमशीलता र विकासमुखी नीतिप्रतिको प्रतिबद्धताले मतदाताको विश्वास जितेको देखिन्छ ।

यस निर्वाचनले मधेशको राजनीतिक परम्परागत समीकरण उल्टाएको छ । स्थानीयदेखि राष्ट्रिय स्तरसम्म रास्वपाको प्रभुत्व स्थापित हुने सम्भावना बढेको छ । यद्यपि, केही क्षेत्र विशेषमा विवादित मत परिणामका कारण अन्तिम तस्वीर पूर्ण रुपमा स्पष्ट हुन बाँकी छ ।

सारांशमा, रास्वपाको 'क्लिन स्वीप' मधेश प्रदेशको राजनीतिक परिदृश्यमा नयाँ अध्यायको सुरूवात हो, जसले पुराना दलहरुका लागि चुनौती र नयाँ शक्ति र अवसरका लागि मार्ग प्रशस्त गरेको छ ।

# देश विकासमा अब बालेन सरकार



अच्युतप्रसाद पौडेल

अन्ततः देशमा बालेन सरकार करिब दुई तिहाइको बन्दैछ र सबैले हाइहाइ गरिरहेका छन् । काठमाडौंमा जरा गाढेर बसेका ठालुहरूको लज्जास्पद हार भएको छ। उपत्यकाका १५ वटै सिट रास्वपामा गएको छ,भक्तपुर नेमकिपाको गढ पनि भत्किएको छ। देशैभरि रास्वपाको लहर छ।

देशीविदेशी मिडियाले अब नेपालमा भ्रष्टाचार र कुशासनको अन्त्य हुने भनिरहेछन् । रास्वपाले दुईतिहाइका साथ बलियो सरकार बनाउने आकलन सबैले गरिरहेका छन्। यो हार भनेको देश चुस्नेहरूको हो,भ्रष्टाचारीहरूको हार हो,कुशासन र बेथिति,दुष्चक्रको हार हो । दशकौं सत्ताको रसास्वादन गर्दै नेपालीलाई शरणार्थी बनाउँदै देश निकाला गर्ने,बेरोजगार बनाउँदै खाडी धकेल्ने र बाकसबन्दीमा फर्काउने नक्कली राष्ट्रवादको हार हो । गरिब नेपालीको खुन पसिनामा ताण्डव नृत्य गर्नेहरूको हार हो यो । खासमा यो अतिचार र तीव्र अहंकारको हार हो। विद्यमान संविधान जसले बनायो,उसैले मिच्यो,कुल्चियो । न नारी कोटामा प्रत्यक्षतिर उम्मेदवारी दिने प्रयास गर्‍यो न समावेशीतिरको कोटामा पर्याप्त स्थान दियो। संविधान बनाए पनि लज्जाजनक अवस्थामा देशलाई पुर्‍याए पुराना ठूला भनिएका दलले। त्यही संविधानले उच्च केन्द्रीय निकाय सिंहदरबार सुरक्षित राख्न सकेन । अल्प विकसितबाट विकासोन्मुखमा जाने ढोका खुल्दै गर्दा पटकपटक बन्द भएको लाजले बानेश्वरको आलिशान महल,भैंसेपाटीको जिमखानायुक्त आलिशान महलहरू नेपालीहरूको गरिबीको व्यंग्य गर्दै लाजले शिर निहुर्‍याइरहेका छन्।

छिमेकीले के गरेका छन् ? पाँच दशकमा अत्तोपत्तो नदेखने कुकर्मीहरूको भिड अब करिबकरिब समाप्त भएको छ। अहंकारले आफ्नै पछिल्लो पुस्तालाई पनि रसातलतिर धकेलेको छ । सक्किने कि सच्चिने बेलैमा विश्लेषकहरूले सुझाव दिँदा उल्टो खोइरो खन्ने र जहाँ गयो सच्चा व्यक्तिहरूलाई त्यहीँ लखेट्ने अहंकार नराम्ररी पछारिएको छ,ढलेको छ। यो हार नेपालीको विजय हो, उन्मादको हार भन्नु सत्यको विजय नै हो।

बालेन आएका छन् अब । संसारका कान्छो उमेरको प्रधानमन्त्री बन्ने तरखरमा छन् । रास्वपाले भनेको छ,२०४६ सालपछिका कुकर्महरूका फाइल खुल्नेछन्। यदि बोलेको कुरो सदर नभए रास्वपाले पनि नानीमैयाँ दाहालको पोजिसनमा जानु पर्नेछ । साँच्चै देशलाई भ्रष्टाचारको दलदलमा जाक्ने कुकृत्यहरूको अब पर्दाफास गर्नै पर्छ । नेपाली आमाको शिर हिजो नराम्रोसँग झुकेको थियो। अब उँचो हुनेगरी अबकाले काम गर्नुपर्छ।

सहकारी र बिमाका समस्याहरू धेरै छन्। बिमा बोर्डले सेवा कटौती गर्दा अन्याय भयो । कुशासकले आफ्नो सुविधा मात्रै बढाए । ६८ वर्षका वृद्धहरूको भत्ता खोसिएको छ । यो भत्तालाई ६५ वर्षमा झार्नु पर्छ। नसके पुरानै ६८ वर्ष कायम गरौं।

सय दिन सुहागको दिन भनी कुर्ने होइन,सय घण्टामा देखिनेगरी काम गर्नुपर्छ । सुशासन,विधिको शासन भ्रष्टाचारमुक्त प्रशासन सञ्चालन गर्ने हो भने स्रोतसाधनको कमी छैन देशमा । नपुगे विदेशीहरूले हालेका थिए र हाल्छन् पनि। यति हो कि अन्तर्राष्ट्रिय एजेन्सीहरूको गोठालो बनेर अर्थतन्त्र जो चलाए अतीतकाले अब त्यो पुनरावृत्ति नहोस्।

पुरानो नेतृत्वले लोकतन्त्रको धज्जी उडायो । तिनीहरूले योग्यता र क्षमतालाई वास्तै गरेनन् । आफ्ना कुकृत्य लुकाउन भरौटेहरूको झुन्ड बनाए। तिनीहरूले देशको ठेक्का लिए झैं गरे । बुझ्नेहरूले पनि स्वार्थका लागि बुझ पचाए । नदेखेको बहाना गरेर सत्ताको छहारी रोजे। तर अहिले सबै कुरा छर्लंग भएको छ । नेपाली जनता अब पूर्ण रूपमा जागिसकेका छन्। कालो रात्रि हटेर नयाँ बिहानी आएको छ । अब आकाश खुल्ला र धर्ती स्पष्ट छ । दिवास्वप्न देखाएर मस्ती गर्ने दिन गए । अब रास्वपाले देशको जिम्मा लिँदैछ। बालेन साहको कार्यशैली पनि हेर्नुपर्छ । उनी नयाँ पुस्ताका धेरै आशलाग्दा हुन्। बालेन आफैंमा एक विज्ञ व्यक्ति हुन्। उनलाई राम्रो सल्लाहकारको भने खाँचो छ।

तीनकुने,गैरीगाउँ बस्ने बालेन नरदेवीमा जन्मेका हुन्। उनका पिता कुशल आयुर्वेद चिकित्सक थिए। उनी पंक्तिकारका पुराना सहयात्री पनि हुन् । मुख्य सचिवको विगत र वर्तमान स्पष्ट छ। उनीसँग हाम्रो तीन पुस्ताको सम्बन्ध छ। पुरानो कालरात्रि हटेकाले उनले पद पाए । सेटिङ नभएकाले भाग्यले साथ दिएको हो । उनले मन्त्रिपरिषद्मा राम्रो भूमिका खेल्नेछन् ।

अबको मन्त्रिमण्डल सानो र विज्ञको हुनुपर्छ। सरकारको कार्यशैली अत्यन्त चुस्त हुनुपर्छ । अनावश्यक सेवा र सुविधाहरू कटौती गरौं। सार्वजनिक पदाधिकारीले तलब भत्ता लिनु हुँदैन। सिंहदरबार र भत्केका संरचना उठाउनु पर्छ । देशमा ३० खर्बको ऋण भार छ । अब थप ऋण नलिँदा नै राम्रो हुन्छ। सहकारी र बिमाका समस्याहरू धेरै छन् । बिमा बोर्डले सेवा कटौती गर्दा अन्याय भयो। कुशासकले आफ्नो सुविधा मात्रै बढाए । ६८ वर्षका वृद्धहरूको भत्ता खोसिएको छ । यो भत्तालाई ६५ वर्षमा झार्नु पर्छ। नसके पुरानै ६८ वर्ष कायम गरौं।

प्रदेश संरचना देशका लागि ठूलो भार हो । अब संविधानको पूर्ण पुनर्लेखन हुनुपर्छ। जनमत संग्रह गरेर भए पनि संशोधन गरौं । धर्म निरपेक्षता यो देशको मुख्य घाँडो हो । यसैले गर्दा दलहरूले लज्जास्पद हार व्यहोरे । इतिहासको विरासत र संस्थालाई आदर गरौं ।

नेपालमा भएको शान्तिपूर्ण परिवर्तन ऐतिहासिक छ । यस अहिंसात्मक क्रान्तिलाई विश्वले अध्ययन गर्नेछ। यो परिवर्तन गान्धी र मण्डेलाभन्दा ठूलो छ । नीलो क्रान्तिमाथि धेरै शोधपत्र तयार हुनेछन्। रगत नबगी भएको यो विश्वकै नौलो उदाहरण हो । तर वर्तमानमा देश निकै गम्भीर संकटमा छ। आर्थिक अवस्था जर्जर र व्यापारघाटा तीव्र छ। युवा शक्ति बिदेसिँदा देश ऋणमा डुबेको छ । उद्योगहरू बन्द छन् र पूर्वाधारहरू बिग्रेका छन् ।

सीमा समस्या र बहुध्रुवीय खतरा बढ्दो छ। असंलग्न कूटनीति र भाइचारा अहिलेको आवश्यकता हो। खाडी युद्धले गर्दा आपूर्तिमा संकट आउन सक्छ। बजारमा महँगी र अभावले जनता पिल्सिएका छन् । शीतल निवासको विलासिता र मोह अब त्याग्नुपर्छ । बालेन सरकारले नयाँ ढंगले कार्य सञ्चालन गर्नुपर्छ। देशको अस्मिता बचाउनु अहिलेको मुख्य चुनौती हो। वर्तमानको चर्चा काममा परिणत हुनुपर्छ । सफलता केवल क्षणिक प्रशंसामा मात्र सीमित नहोस्।


गौर प्राथमिक कान उपचार केन्द्र

गौर - १, रौतहट

यहाँ कान सम्बन्धी विभिन्न रोगको अनुभवी डाक्टर तथा आधुनिक मेशिन द्वारा उपचार गरिन्छ



सम्पर्क नं - + ९७७ ९८५११९१०५०,९८४४४४४३४७

इंडियन नं :- +91 8935959150

सम्पर्क स्थान :- जिल्ला प्रशासन कार्यालय गौर दक्षिण तर्फ , शिवालय मंदिर से उतर



ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।



समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौं । - सिम्रौनगढ नगरपालिका

## अन्तराष्ट्रिय समाचार


# अमेरिकी डेमोक्रेटिक सांसदद्वारा इरानी विद्यालयमा भएको विस्फोटको निष्पक्ष छानबिन गर्न माग

वासिङ्टन - अमेरिकी डेमोक्रेटिक सांसदहरूले सोमबार अमेरिकी रक्षा मन्त्रालय पेन्टागनलाई इरानको एक विद्यालयमा भएको आक्रमणमा दर्जनौँको मृत्यु भएको भनिएको आक्रमणको निष्पक्ष छानबिन गर्न आग्रह गरेका छन् ।

इरानले इजरायल र अमेरिकाले युद्धको सुरुवातमै दक्षिणी शहर मिनाबको प्राथमिक विद्यालयमा आक्रमण गरेको आरोप लगाएको छ। इरानका अनुसार उक्त विस्फोटमा परी १५० भन्दा बढी व्यक्तिको मृत्यु भएको थियो, जसमा अधिकांश विद्यार्थी थिए ।

अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले घटनाका लागि इरानमाथि नै आरोप लगाइरहनुभएको छ भने पेन्टागनले यसबारे अनुसन्धान गरिरहेको बताएको छ ।

धेरै उच्च पदस्थ सिनेटरहरूले एक संयुक्त विज्ञप्तिमार्फत् भनेका छन्, "स्वतन्त्र विश्लेषणले आक्रमण अमेरिकी सेनाले गरेको हो वा होइन विश्वसनीय



रूपमा सुझाव दिनेछ र यदि यो सत्य पुष्टि भएमा मध्य पूर्वमा अमेरिकी सैन्य कारबाहीको पछिल्ला दशकहरूमा नागरिक हताहतीको यो सबैभन्दा खराब घटनाहरूमध्ये एक हुनेछ।"

"स्कुले बालबालिकाको हत्या डरलाग्दो र कुनै पनि हालतमा अस्वीकार्य छ," पेन्टागनका प्रमुख पिट हेगसेथले यस त्रासदीको पूर्ण र निष्पक्ष समीक्षा गर्नुपर्ने बताएका छन् ।

न्यूयोर्क टाइम्सले इरानको अर्धसरकारी मेहर न्यूजले अपलोड गरेको भिडियोलाई प्रमाणित गरेको छ, जसमा अमेरिकी टोमाहक क्रुज मिसाइलले रिभोलुसनरी गाड्र्सको स्कूलको नजिकै रहेको क्लिनिकको संरचनामा प्रहार गरेको देखिन्छ। टाइम्सका अनुसार यस युद्धमा टोमाहक्स प्रयोग गर्ने एक मात्र शक्ति संयुक्त राज्य अमेरिकाको सेना हो ।

अमेरिकी सेनाले रणनीतिक 'स्ट्रेट अफ होर्मुज' नजिकै रिभोलुसनरी गाड्र्सको आधार शिविर रहेको नौसैनिक लक्ष्यहरूमा आक्रमण गरेको बताएपनि विद्यालयमा भएको विस्फोट आफ्नो सेनाले नगराएको द टाइम्सले अमेरिकी सैन्य अधिकारीलाई उद्धृत गरी जानकारी गराएको छ।

सांसदहरूले भनेका छन, "यो घटना अझ चिन्ताजनक छ किनकि यसलाई उनीहरूले हेगसेथको बल प्रयोगको लागि 'खुला रूपमा अभद्र दृष्टिकोण' भनेका छन्। उनले गत हप्ता इरानमा अमेरिकी आक्रमण 'संलग्नताको मूर्खतापूर्ण नियमहरू' द्वारा बाँधिन बाध्य नहुने बताएका थिए ।

वक्तव्यमा हस्ताक्षर गर्नेहरूमा सिनेटको विदेश सम्बन्ध समितिमा शीर्ष 'डेमोक्र्याट' जीन शाहीन पनि रहेको छ। एएफपीले विस्फोटस्थलको भ्रमण गरी विद्यालयमा भएको मृतकको सङ्ख्या वा घटनाको विवरण स्वतन्त्र रूपमा पुष्टि गर्न सकेको छैन ।

# दलित.........

पीडितहरूलाई नै नियन्त्रणमा लिने र दोषीहरूलाई संरक्षण दिने काम प्रहरीबाट भइरहेको छ। हामी कुटिएका छौँ हाम्रा चेलीबेटीको इज्जत लुटिएको छ, तर प्रहरीले दोषीलाई समात्नुको साटो हामीलाई नै त्रसित बनाइरहेको छ, एक पीडितले गुनासो गरे ।

जातीय विभेद र हिंसा विरुद्ध सक्रिय अधिकारकर्मीहरूले यस घटनालाई लोकतान्त्रिक मुलुककै कलंकको रूपमा चित्रण गरेका छन् । नेपालको संविधानले जातीय आधारमा हुने विभेद र हिंसालाई कठोर अपराध मानेको अवस्थामा रौतहटमा भएको यो घटनाले विधिको शासनमाथि नै चुनौती थपेको उनीहरूको ठहर छ ।

घटनाको निष्पक्ष र पारदर्शी छानबिनका लागि उच्चस्तरीय समिति गठन गरियोस्,

फरार रहेका भनिएका अभियुक्तहरूलाई तत्काल पक्राउ गरी कानुनी कठघरामा उभ्याइयोस्, घाइतेहरूको नि:शुल्क र उचित उपचारको व्यवस्था मिलाइयोस्, पीडितलाई त्रसित बनाउने र दोषीलाई संरक्षण दिने प्रहरी अधिकारीमाथि विभागीय कारबाही गरियोस् ।

रौतहटको यो घटनाले नेपालमा अझै पनि जातीय श्रेष्ठताको अहंकार र दलित समुदायमाथिको थिचोमिचो कति भयावह छ भन्ने ऐना देखाएको छ ।

यदि समयमै राज्यले न्यायको अनुभूति गराउन सकेन भने यसले सामाजिक सद्भावमा ठूलो खलल पुऱ्याउने निश्चित छ ।इलाका प्रहरी कार्यालय लक्ष्मीनिया फतुवाबिजयपुरमा प्रहरी निरीक्षक सुरेन्द्र यादव संग सो घटनाको बारे जानकारी लिन खोज्दा फोन सम्पर्क हुनसकेको छैनन् ।


### कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी दोश्रो पटक सूचना

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८२-२-१९ मा स्वीकृति प्राप्त भई साविक कम्पनी श्री शान्ति एकाडेमी बारा प्रा.ली. (प्रा. लि. नं. ६७९५५) ठेगाना कलैया उपमहानगरपालीका वडा नं. ४ को नाममा रहेको सम्पूर्ण चल, अचल सम्पती तथा तिर्नुपर्ने ऋण, धन, कर, दायित्व आदी मिति २०८२-१०-१४ गतेको निर्णयानुसार परिवर्तित नाम के श्री भाग्य मणी शिक्षा सदन स्कूल वरियारपुर बारा प्रा. ली. ठेगाना (परिवर्तित) महागढीमाई न. पा. वडा नं. १ ले सकार्ने गरी कम्पनीको नाम र ठेगाना परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।


# बारा-३ बाट निर्वाचित अरविन्द साहलाई सञ्चार मन्त्री बन्ने चर्चा

***शु.आ. सम्बाददाता***
***कलैया, २५ फागुन***

बारा निर्वाचन क्षेत्र नम्बर-३ बाट प्रतिनिधिसभा सदस्यका रूपमा निर्वाचित अरविन्द साह लाई आगामी सरकारमा सञ्चार तथा सूचना प्रविधि मन्त्री बनाउने सम्भावनाबारे राजनीतिक वृत्तमा चर्चा सुरु भएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार साहले यस निर्वाचनमा नेपाली कांग्रेसका सह-महामन्त्री फरमुल्ला मन्सुर र नेकपा एमालेका पोलिटब्युरो सदस्य ज्वाला कुमार साह लाई पराजित गर्दै ठूलो मतान्तरसहित विजय हासिल गरेका थिए ।

अरविन्द साह पेशाले सूचना प्रविधि इन्जिनियर हुन् र गोल्ड मेडल जितिसक्नु भएको छ । साथै उनी डिजिटल भुक्तानी सेवा 'डिजिटल खल्ती'का संस्थापक तथा सञ्चालकसमेत रहेका छन् । डिजिटल



सेवा र सूचना प्रविधिको क्षेत्रमा लामो अनुभव भएकाले उनलाई सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको जिम्मेवारी दिन सकिने चर्चा बढेको हो ।

यस पटकको निर्वाचनमा रास्वपाले देशभर उल्लेखनीय सफलता हासिल गर्दै बहुमत नजिकको नतिजा ल्याएपछि नयाँ सरकार गठनको तयारीसँगै सम्भावित मन्त्रीहरूको नाम सार्वजनिक हुन थालेका छन् । प्रविधि क्षेत्रको अनुभव, शैक्षिक योग्यता र उद्यमशील पृष्ठभूमिका कारण साहलाई सञ्चारमन्त्रीको जिम्मेवारीका लागि उपयुक्त देखिएको विश्लेषकहरूले बताएका छन् ।

यद्यपि, नयाँ सरकार गठन र मन्त्रालयको जिम्मेवारीबारे अन्तिम निर्णय भने रास्वपा नेतृत्वले मात्र गर्ने भएकाले अहिलेसम्म औपचारिक घोषणा गरिएको छैन । राजनीतिक विश्लेषकहरूको भनाइ अनुसार आगामी केही दिनमा मन्त्रालय बिन्यास र मन्त्रीहरूको नाम सार्वजनिक हुने सम्भावना रहेको छ ।

# पर्सा-१ मा ३० उम्मेदवारमध्ये २७ जनाको जमानत जफत

***शु.आ. सम्बाददाता***
***वीरगंज, २५ फागुन***

फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा पर्सा निर्वाचन क्षेत्र नम्बर १ मा प्रतिस्पर्धा गरेका अधिकांश उम्मेदवारहरूको जमानत जफत भएको छ । कुल ३० जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा उत्रिएकोमा तीमध्ये २७ जनाले आवश्यक मत प्राप्त गर्न नसक्दा जमानत जफत भएको हो ।

निर्वाचन आयोगको प्रावधानअनुसार कूल सदर मतको कम्तीमा १० प्रतिशत मत प्राप्त गर्न नसक्ने उम्मेदवारको जमानत जफत हुने व्यवस्था छ । जमानत जफत हुनु भनेको उम्मेदवारले मनोनयन दर्ता गर्दा राखेको धरौटी रकम फिर्ता नपाउने हो । पर्सा-१ मा भने केवल तीन जना उम्मेदवारले मात्रै आफ्नो जमानत जोगाउन सफल भएका छन् । मतपरिणामअनुसार राष्ट्रिय स्वतन्त्र पार्टीका बुद्धिप्रसाद पन्थ 'हरि' ले २७ हजार २७४ मत प्राप्त गर्दै विजयी भएका छन् । त्यसैगरी नेकपा (एमाले) का पूर्वमन्त्री प्रदीप यादवले १३ हजार ३० मत प्राप्त गरेका छन् भने नेपाली कांग्रेसका अनिल कुमार रुङ्टाले ११ हजार ८८५ मत प्राप्त गर्दै आफ्नो जमानत जोगाउन सफल भएका छन् । जमानत जफत हुने उम्मेदवारहरूमा राष्ट्रिय प्रजातन्त्र पार्टीका नन्द किशोर प्रसाद श्रीवास्तवले १ हजार २७२ मत प्राप्त गरेका छन् भने जनता समाजवादी पार्टी नेपालका रामनरेश प्रसाद यादवले १ हजार २०१ मत प्राप्त गरेका छन् । नेकपाका अजय



चौरसियाले ५३७ मत, उज्ज्वल नेपाल पार्टीका रामकिशोर सिंह (पराग) ले ४१५ मत, स्वतन्त्र उम्मेदवार विशाल कुमार सर्राफले ३८१ मत तथा जनमत पार्टीका ओमप्रकाश सर्राफले ३४१ मत प्राप्त गरेका छन् ।

त्यसैगरी पिपुल्स फस्ट पार्टीका जावेद इकबाल हैदरले २४२ मत तथा राष्ट्र निर्माण दल नेपालका मोहम्मद उमर खानले २४० मत प्राप्त गरेका छन् । जमानत जफत हुने उम्मेदवारहरूमध्ये केही स्थानीय स्तरमा चिनिएका व्यक्तित्व समेत रहेका छन् । नन्द किशोर प्रसाद श्रीवास्तव चलचित्र निर्माता तथा वीरगंजका पूर्व मेयर विमल श्रीवास्तवका सहोदर भाइ हुन् । रामनरेश प्रसाद यादव जनता समाजवादी पार्टी नेपाल पर्साका अध्यक्ष हुन् र यसअघि दुई पटक मधेश प्रदेशसभा सदस्य पदमा पराजित भइसकेका नेता हुन् ।

त्यस्तै रामकिशोर सिंह (पराग) वीरगंज महानगरपालिका-२० का पूर्व वडाध्यक्ष हुन् । प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेदवारी दिनका लागि उनले वडाध्यक्ष पदबाट राजीनामा दिएका थिए । जनमत पार्टीका ओमप्रकाश सर्राफ सो पार्टीका जिल्ला अध्यक्ष तथा केन्द्रीय सदस्य हुन् भने मोहम्मद उमर खान सामाजिक सञ्जाल टिकटकमा करिब ३५ लाख अनुयायी भएका चर्चित सामग्री निर्माणकर्ता मानिन्छन् । यस बाहेक नेपाल लोकतान्त्रिक पार्टीका शालिकराम प्रसाद कानुले १०२ मत, श्रम संस्कृति पार्टीका वासिम शेषले ९० मत, आम जनता पार्टीका विश्वराज पटेलले ५४ मत तथा नेपाल जनता पार्टीका सुरेश प्रसाद साह कानुले ४६ मत प्राप्त गरेका छन् ।

यसैगरी अन्य उम्मेदवारहरूले अत्यन्त कम मत प्राप्त गरेका छन् । केही स्वतन्त्र उम्मेदवारहरूले एकदेखि पाँच मतसम्म मात्र प्राप्त गरेका कारण उनीहरूको पनि जमानत जफत भएको छ । पर्सा-१ को यो परिणामले यसपटकको निर्वाचनमा मतदाताले सीमित उम्मेदवारलाई मात्र विश्वास गरेको संकेत गरेको स्थानीय राजनीतिक विश्लेषकहरूको भनाइ रहेको छ ।


## जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौं ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं नगराऔं ।
- जेष्ठ नागरिकको सम्मान गरौं ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौं ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- जथाभावी फोहोर नगरौं ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौं ।

महागढीमाई नगरपालिका, बरियारपुर, बारा

समाजिक सञ्जालको दुरूपयोग नगरौं ।

## सिम्रौनगढ नगरपालिकाद्वारा जनहितमा जारी सन्देश

- नगरपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता नगरपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संर क्षणमा नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर नगरपालिका बनाउन सहयोग गरौं ।

सिम्रौनगढ नगरपालिकाको कार्यालय, सिम्रौनगढ, बारा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा

# बारा-२ र ३ को समानुपातिक मतगणनामा रास्वपा पहिलो

***शु.आ. सम्बाददाता***
***कलैया, २५ फागुन***

बारा जिल्लाका प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर २ र ३ मा समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत भएको मतगणनाको अन्तिम परिणाम अनुसार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पहिलो स्थानमा आएको छ।




निर्वाचन अधिकृतको कार्यालयका अनुसार बारा-२ मा रास्वपाले ३९ हजार ६१९ मत प्राप्त गर्दै पहिलो स्थान हासिल गरेको हो। त्यस्तै नेपाली कांग्रेसले १० हजार ३३० मत प्राप्त गरी दोस्रो स्थानमा रहेको छ।

निर्वाचन अधिकृत किरण सिंहका अनुसार जनता समाजवादी पार्टी नेपाल (जसपा) ले ११ हजार ९०९ मत प्राप्त गरेको छ भने नेकपा (एमाले) ले ६ हजार ३५६ मत प्राप्त गरेको छ । त्यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टीले १ हजार ३७ मत प्राप्त गरेको छ।

यसैगरी नेपाल संघीय समाजवादी पार्टी, बहुजन एकता पार्टी नेपाल र नेपाल जनजागृति पार्टीको संयुक्त समूहले १ हजार ३२६ मत प्राप्त गरेको छ भने नेपाली कम्युनिष्ट पार्टीले ९८४ मत, जनमत पार्टीले ८८० मत, राष्ट्र निर्माण दल नेपालले ४४६ मत तथा आम जनता पार्टी र जनादेश पार्टी नेपालले ३१६ मत प्राप्त गरेका छन्।


निर्वाचन अधिकृतको कार्यालयका अनुसार बारा-२ मा कुल १ लाख १३ हजार ८३९ मतदाता रहेकोमा ७७ हजार ९१७ मत खसेको थियो। तीमध्ये ७५ हजार ६१८ मत सदर भएको र २ हजार २९९ मत बदर भएको जानकारी दिइएको छ। समानुपातिक प्रणालीतर्फ उक्त क्षेत्रमा ५७ राजनीतिक दलले भाग लिएका थिए।

त्यसैगरी बारा-३ मा पनि समानुपातिकतर्फ रास्वपाले सबैभन्दा धेरै मत प्राप्त गर्दै पहिलो स्थान कायम गरेको छ। सो क्षेत्रमा रास्वपाले ४३ हजार ८५६ मत प्राप्त गरेको छ।

नेपाली कांग्रेसले ८ हजार २४२ मत प्राप्त गर्दै दोस्रो स्थान हासिल गरेको छ भने जनता समाजवादी पार्टी नेपालले ५ हजार ७४२ मत प्राप्त गरेको छ। नेकपा (एमाले) ले ५ हजार ७७ मत प्राप्त गरेको छ भने जनमत पार्टीले ३ हजार २३० मत प्राप्त गरेको छ ।

मुख्य निर्वाचन अधिकृत प्रकाशकुमार अधिकारीका अनुसार बारा-३ मा कुल ७७ हजार ३१४ मत खसेको थियो । तीमध्ये ३ हजार ३९४ मत बदर भएको जानकारी दिइएको छ।

दुवै निर्वाचन क्षेत्रमा समानुपातिक प्रणालीअन्तर्गत रास्वपाले उल्लेखनीय मत प्राप्त गर्दै पहिलो स्थान हासिल गरेपछि जिल्लाको राजनीतिक समीकरणमा नयाँ संकेत देखिएको स्थानीय राजनीतिक विश्लेषकहरूले बताएका छन् ।



फोन नं.:०५३-६५०१०८

**श्री राम चरित्र माध्यमिक विद्यालय**
जयनगर चिउँटाहा, बारा
**Shree Ram Charitra Sec. School**
Jainagar Chiutaha, Bara

**बोलपत्र स्विकृत गर्ने आशयको सुचना**
(प्रकाशित मिति:-२०८२/११/२६)

श्री राम चरित्र माध्यमिक बिधालय जयनगर, चिउँटाहा बारा बाट सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईटमा र हिमालय टाइम्स मिति २०८२/०९/०८ गते प्रकाशित सूचनानुसार E-bidding मार्फत पेश हुन आएका बोलपत्रदाताहरू मध्ये प्राबिधिक तथा आर्थिक प्रस्ताब परिक्षणबाट तपसिलमा उल्लेखित भएका बोलपत्र न्युनतम मुल्याङ्कित सारभुतरुपमा प्रभावग्राही भईस्विकृतको लागि छनोट भएको हुदा सार्वजनिक खरिद ऐनको दफा २७ को उप दफा २ र ३ र सोहि ऐन को दफा ४७ प्रयोजनार्थ सम्वन्धित सबै बोलपत्रदातालाई जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि.न. | कार्यको बिबरण | छनोट भएका बोलपत्रदाता | कबोल रकम (मु.अ.कर. र PS समेत) रु. |
|---|---|---|---|
| १. | construction of Shree Ram Charitra Secondary SchoolContract Identifications No.:- 01/SRCS/NCB/2082/083 | M/S Sonu Monu-Janak-Ankit J.V BAGHAWAN KALAIYA MUNICIPALITY WARD NO-14 BARA NEPAL | Nrs 13997496.26/- |

PRINCIPAL
Dinesh Prasad Sah

# बालेन शाहको विजयमा भारतीय लीफ आर्टिस्टको अनौठो बधाई

***पवन कुमार साह***
***बिरगंज, २५ फागुन***

नेपालमा हालै सम्पन्न संसदीय निर्वाचनमा उल्लेखनीय सफलता हासिल गरेको दाबी भइरहेका बेला र्‍यापरबाट राजनीतिमा प्रवेश गरेका द्यबभिल क्जबज को नेतृत्वसँग जोडिएको राजनीतिक परिवर्तनप्रति भारतका एक कलाकारले अनौठो शैलीमा बधाई व्यक्त गरेका छन्।




भारतका प्रसिद्ध अन्तर्राष्ट्रिय लीफ आर्टिस्ट :बमजगचभलमचब प्रबच ले पीपलको सानो पातमा नेपालको नक्सा र बालेन शाहको तस्बिर कोरेर आफ्नो शुभकामना प्रकट गरेका हुन्। उनले करिब पाँच घण्टाको मेहनतपछि झण्डै ३ सेन्टिमिटरको हरियो पीपलको पातमा सूक्ष्म कलाकृति तयार गरेका छन् । उक्त कलाकृतिमा नेपालको नक्सासँगै बालेन शाहको आकृति कोरिएको छ भने “हार्दिक आभार नेपाल” भन्ने शब्द पनि लेखिएको छ । कलाकारले आफ्नो कलामार्फत नेपाली जनता र नेपालको लोकतान्त्रिक प्रक्रियाप्रति सम्मान प्रकट गरेको बताएका छन् । कलाकार मधुरेन्द्र कुमारले बालेन शाहको विजयप्रति खुशी व्यक्त गर्दै नेपालमा देखिएको राजनीतिक परिवर्तनलाई सकारात्मक संकेतका रूपमा हेरेको बताए। उनले सामाजिक सञ्जालमार्फत बालेन शाहलाई भविष्यका लागि शुभकामना दिँदै नेपाल र नेपाली जनताप्रति आफ्नो सम्मान व्यक्त गरेका छन्।

कलाकारले तयार पारेको उक्त कलाकृति सामाजिक सञ्जालमा सार्वजनिक भएसँगै तीव्र रूपमा भाइरल भइरहेको छ । धेरै प्रयोगकर्ताहरूले उनको सिर्जनशीलता र नेपालप्रतिको सम्मानको प्रशंसा गरेका छन्।

यसैबीच निर्वाचन परिणामका विभिन्न दाबीहरू सार्वजनिक भइरहेका छन्। केही दाबीअनुसार सोमबार साँझ ७:४० बजेसम्म सार्वजनिक भएका १६५ सिटमध्ये **Rastriya Swatantra Party** ले १२५ सिटमा विजय हासिल गरेको उल्लेख गरिएको छ। त्यसैगरी **Nepali Congress** ले १८ सिट जितेको बताइएको छ भने **Communist Party of Nepal -Unified Marxist–Leninist_** ले ८ सिट जितेको र १ सिटमा अग्रता बनाएको दाबी गरिएको छ।


अन्य दलमध्ये **Communist Party of Nepal** ले ७ सिट जितेको बताइएको छ भने **Shram Shakti Party** ले ३ सिट तथा **Rastriya Prajatantra Party** ले १ सिट जितेको उल्लेख गरिएको छ। स्वतन्त्र उम्मेदवारमध्ये एक जना विजयी भएको पनि बताइएको छ।

प्रतिनिधिसभा सदस्यका लागि फागुन २१ गते (५ मार्च) सम्पन्न निर्वाचनमा करिब ६० प्रतिशत मत खसेको बताइएको छ। निर्वाचन सफलतापूर्वक सम्पन्न भएकोमा भारतका प्रधानमन्त्री ल्बचभलमचब :यमष ले पनि नेपालका जनता र सरकारलाई बधाई दिएका छन् । सामाजिक सञ्जालमार्फत सन्देश दिँदै मोदीले भारत नेपालसँग घनिष्ठ मित्र र छिमेकीका रूपमा शान्ति, प्रगति र समृद्धिका लागि सहकार्य गर्न प्रतिबद्ध रहेको बताएका छन् । कलाकार मधुरेन्द्र कुमारको कलात्मक बधाईले भने राजनीतिक घटनाक्रमसँगै कला र सृजनशीलतामार्फत अन्तर्राष्ट्रिय स्तरमा नेपालप्रति देखिएको सद्भावलाई झल्काएको धेरैले टिप्पणी गरेका छन्।

# मधेशमा रास्वपाको उदयः ३२ मध्ये ३० सिटमा विजय, पुराना दललाई ठूलो झट्का

***बारा, २५ फागुन***

प्रतिनिधिसभा सदस्यको हालै सम्पन्न निर्वाचनले मधेश प्रदेशको राजनीतिक समीकरणमा ठूलो परिवर्तन ल्याएको छ । प्रदेशका ३२ निर्वाचन क्षेत्रमध्ये ३० सिट जित्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मधेशको सबैभन्दा शक्तिशाली राजनीतिक शक्ति बनेको छ ।




निर्वाचन परिणामअनुसार रास्वपाले अधिकांश जिल्लामा क्लिन स्वीप गर्दै अप्रत्याशित सफलता हासिल गरेको छ । परम्परागत रूपमा मधेशमा प्रभाव जमाउँदै आएका दलहरू भने यसपटक कमजोर देखिएका छन्।

यस चुनावमा नेपाली कांग्रेसले रौतहट क्षेत्र नम्बर २ मा मात्र एक सिट जित्दै आफ्नो उपस्थिती कायम राख्न सफल भएको छ । नेकपा एमाले तथा मधेशकेन्द्रित दलहरू अधिकांश क्षेत्रमा पराजित हुँदै प्रभाव कायम राख्न असफल देखिएका छन् ।

धनुषा क्षेत्र नम्बर १ मा मतपरिणाम विवादमा परेपछि निर्वाचन आयोगले अन्तिम नतिजा सार्वजनिक गर्न रोक लगाएको छ । मतगणनाको नतिजा अनुसार बारा, पर्सा, सप्तरी, सिरहा, महोत्तरी र सर्लाही जिल्लाका चारै निर्वाचन क्षेत्रमा रास्वपाले जीत निकाल्दै क्लिन स्वीप गरेको छ ।

बाराका चारै क्षेत्रमा रास्वपाले जीत निकालेको छ । क्षेत्र नम्बर १ मा गणेश भिमल, क्षेत्र नम्बर २ मा चन्दन कुमार सिंह, क्षेत्र नम्बर ३ मा अरविन्द साह र क्षेत्र नम्बर ४ मा रहबर अन्सारी विजयी भएका छन् ।यसैगरी पर्सामा पनि चारै सिट रास्वपाले जितेको छ । क्षेत्र नम्बर १ मा बुद्धिप्रसाद पन्थ 'हरि', क्षेत्र नम्बर २ मा सुशील कुमार साह कानु, क्षेत्र नम्बर ३ मा रमाकान्त प्रसाद चौधरी र क्षेत्र नम्बर ४ मा टेकबहादुर साखे निर्वाचित भएका छन् ।

रौतहट क्षेत्र नम्बर १ मा रास्वपाका राजेश कुमार चौधरी, क्षेत्र नम्बर २ मा कांग्रेसका मोहम्मद फिरदौस आलम, क्षेत्र नम्बर ३ मा रास्वपाका रविन्द्र पटेल र क्षेत्र नम्बर ४ मा रास्वपाका गणेश पौडेल विजयी भएका छन् । सप्तरी क्षेत्र नम्बर १ मा रास्वपाकी पुष्पाकुमारी चौधरी, क्षेत्र नम्बर २ मा रास्वपाका रामजी यादव, क्षेत्र नम्बर ३ मा अमरकान्त चौधरी र क्षेत्र नम्बर ४ मा सीतराम साह विजयी भएका छन् ।

सिरहा क्षेत्र नम्बर १ मा रास्वपाका बब्लु यादव गुप्ता, क्षेत्र नम्बर २ मा शिवशंकर यादव, क्षेत्र नम्बर ३ मा शम्भु कुमार यादव र क्षेत्र नम्बर ४ मा तपेश्वर यादव विजयी भएका छन् । धनुषा क्षेत्र नम्बर १ को मतपरिणाम विवादमा परेपछि परिणाम रोकिएको छ । क्षेत्र नम्बर २ मा रास्वपाका रामविनोद यादव, क्षेत्र नम्बर ३ मा मनिष झा र क्षेत्र नम्बर ४ मा राजकिशोर महतो विजयी भएका छन् । महोत्तरी क्षेत्र नम्बर १ मा रास्वपाका प्रमोद कुमार महतो, क्षेत्र नम्बर २ मा दीपक कुमार साह, क्षेत्र नम्बर ३ मा उज्ज्वलकुमार झा र क्षेत्र नम्बर ४ मा गौरी कुमारी निर्वाचित भएकी छन् ।

सर्लाही क्षेत्र नम्बर १ मा रास्वपाकी नितिमा भण्डारी कार्की, क्षेत्र नम्बर २ मा रविन महतो, क्षेत्र नम्बर ३ मा नरेन्द्र साह कलवार र क्षेत्र नम्बर ४ मा अमरेश कुमार सिंह विजयी भएका छन् ।

यस निर्वाचन परिणामले मधेश प्रदेशको परम्परागत राजनीतिक समीकरणलाई पूर्ण रूपमा उल्ट्याएको छ । दशकौंसम्म प्रभाव राख्दै आएका प्रमुख दलहरू कमजोर बनेका छन् भने रास्वपा मधेशको प्रमुख शक्तिका रूपमा उदाएको देखिएको छ । धनुषा १ को विवादित परिणाम सार्वजनिक भएपछि प्रदेशको अन्तिम राजनीतिक तस्वीर अझ स्पष्ट हुने अपेक्षा गरिएको छ ।

**फेटा गाउँपालिका द्वारा जनहितमा जारी सन्देश**

- गाउँपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र ब्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता गाउँपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।

**फेटा गाउँपालिकाको कार्यालय, फेटा, बारा**

**बारागढी गाउँपालिका द्वारा जनहितमा जारी सन्देश**

- गाउँपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र ब्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता गाउँपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संर क्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।

**बारागढी गाउँपालिकाको कार्यालय, खोपवा, बारा**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका